Copy of **https://ekantipur.com/news/2026/09/23/what-happened-to-the-children-at-iskcons-gurukul-find-out-in-5-qa-33-21.html** as it stood on 2026-09-23. Saved for the record; page furniture (menus, ads, comment forms) removed; names of private persons blacked out.

इस्कोनको गुरुकुलमा बालबालिकामाथि के भएको हो ? ५ प्रश्नोत्तरमा बुझ्नुहोस्

इस्कोनको गुरुकुलमा बालबालिकामाथि के भएको हो ? इस्कोनले के कारबाही गरेको छ ? यसबारे हामीले ५ प्रश्नोत्तरमा बुझाउने प्रयास गरेका छौँ।

आश्विन ७, २०८३ | आर्या चन्द



What you should know

- काठमाडौंको भक्तिवेदान्त गुरुकुलमा बालबालिकामाथि शारीरिक यातना, यौन दुर्व्यवहार र संस्थागत उपेक्षा भएको आरोपपछि प्रहरी तथा अदालतमा कानुनी प्रक्रिया अघि बढेको छ।
- इस्कोनको अन्तर्राष्ट्रिय समितिले आन्तरिक छानबिनपछि नेपाल शाखाका आठ अधिकारीलाई निलम्बन गरे पनि इस्कोन नेपालले उक्त निर्णयलाई अवैध र अमान्य भन्दै विवाद गरेको छ।
- बालहिंसा र यौन दुर्व्यवहारसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छन् भने आरोपितमध्ये एक जना फरार छन्।

काठमाडौँ — काठमाडौंस्थित इस्कोनको भक्तिवेदान्त गुरुकुलमा बालबालिकामाथि शारीरिक यातना, यौन दुर्व्यवहार र संस्थागत उपेक्षा भएको आरोपपछि अन्तर्राष्ट्रिय समितिले नेपाल शाखाका ८ अधिकारीलाई निलम्बन गरेको छ ।

पीडित परिवारले प्रहरीमा उजुरी दिएको ५ महिनापछि भएको निलम्बनलाई इस्कोन नेपालले अवैध र अमान्य भनेको छ भने बालहिंसा तथा यौन दुर्व्यवहारसम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छन् ।

इस्कोनको गुरुकुलमा बालबालिकामाथि के भएको हो ? इस्कोनले के कारबाही गरेको छ ? यसबारे तलका ५ प्रश्नोत्तरमा बुझ्नुहोस् :

इस्कोनको गुरुकुलमा बालबालिकामाथि के भएको हो ?

काठमाडौंको बूढानीलकण्ठस्थित भक्तिवेदान्त गुरुकुलमा अध्ययनरत बालबालिकामाथि शारीरिक हिंसा, यौन दुर्व्यवहार र संस्थागत उपेक्षा भएको आरोप लागेको छ । पीडित परिवारका अनुसार १३ वर्षीया एक बालिका गुरुकुलमा अध्ययन गर्ने क्रममा यौन दुर्व्यवहारमा परेकी थिइन् । उनका ५ वर्षीय भाइले पनि तत्कालीन प्रिन्सिपल सुरजकृष्ण श्रेष्ठबाट कुटपिट र धारिलो पिनले घोच्नेजस्ता शारीरिक यातना भोगेको आरोप छ ।

बालिकाले आफू २०७८ भदौदेखि २०७९ भदौसम्म दुर्व्यवहारमा परेको बताएकी छन् । उनले घटना भएको लामो समयपछि २०८२ जेठको मध्यतिर मात्र यसबारे खुलाएकी थिइन् । पहिलो पटक उनले अर्कै विद्यालयकी एक महिला शिक्षकलाई यसबारे बताएकी थिइन् ।

पीडित परिवारले १७ वैशाखमा जिल्ला प्रहरी परिसर काठमाडौंमा उजुरी दिएको थियो । प्रहरीले तत्कालीन प्रिन्सिपल श्रेष्ठलाई बालबालिका ऐनविरुद्धको कसुरमा पक्राउ गरेको थियो । उनी पछि धरौटीमा रिहा भएका छन् । बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेका गुरुकुलकै सिनियर विद्यार्थी [redacted] भने फरार रहेको परिवारले जनाएको छ ।

पीडित परिवारले इस्कोनमै उजुरी गरेको थिएन ?

गरेको थियो । पीडित बालबालिकाका बुबा [redacted]ले भारतस्थित इस्कोनको बाल संरक्षण कार्यालयमा २०८२ साउन २० मै उजुरी गरेका थिए । उनका अनुसार नौ महिनासम्म पनि त्यहाँबाट कारबाही अघि नबढेपछि प्रहरीमा उजुरी गरिएको हो ।

इस्कोनको बाल संरक्षण निगरानी समितिमा परेको उजुरीमा काठमाडौंस्थित गुरुकुलमा गम्भीर बाल दुर्व्यवहार, बाल संरक्षणमा असफलता र व्यवस्थापकीय लापरबाही भएको आरोप लगाइएको थियो । त्यसपछि भारतस्थित इस्कोनको बाल संरक्षण कार्यालयलाई स्वतन्त्र अनुसन्धानको जिम्मेवारी दिइएको थियो।

१ असोजमा बाल संरक्षण निगरानी समितिले जारी गरेको पत्रमा छानबिन सकिएको र गुरुकुलको नेतृत्व तथा व्यवस्थापनमा बाल संरक्षणसम्बन्धी समस्या देखिएको उल्लेख छ । पीडितले नेपालको कानुनी निकायमा उजुरी दिएकाले त्यसपछि मात्र आन्तरिक निर्णय गरिने र नेपालका लागि बाल संरक्षण टोली गठन गर्न स्वीकृति दिइएको पनि पत्रमा उल्लेख छ ।

इस्कोनले के कारबाही गरेको छ ?

इस्कोनको अन्तर्राष्ट्रिय समितिले २९ भदौमा इस्कोन नेपालका आठ अधिकारीलाई निलम्बन गरेको छ । निलम्बितमध्ये तत्कालीन प्रिन्सिपल सुरजकृष्ण श्रेष्ठ पनि छन् । भारतस्थित इस्कोनको बाल संरक्षण कार्यालयले निलम्बनसम्बन्धी पत्र आफ्नो वेबसाइटमा सार्वजनिक गरेको छ ।

पत्रअनुसार आन्तरिक छानबिनपछि यो कदम चालिएको हो । थप छानबिन पूरा नभएसम्म

निलम्बित सबैलाई व्यवस्थापकीय, प्रशासकीय र नेतृत्वदायी भूमिकाबाट अलग गरिएको छ ।

तर इस्कोन नेपालका अध्यक्ष प्रदीप भण्डारीले निलम्बनलाई आठै जनालाई दोषी ठहर गरिएको निष्कर्षका रूपमा बुझ्न नहुने बताएका छन् । बाल संरक्षण कार्यालयले आफ्नो रिपोर्ट इस्कोन नेपाललाई उपलब्ध नगराएको उनको भनाइ छ ।

निलम्बनपछि इस्कोन नेपालभित्रै किन विवाद भयो ?

इस्कोन नेपालको साधारणसभाले आइतबार विज्ञप्ति जारी गर्दै आठ अधिकारीको निलम्बनसम्बन्धी सूचना अवैध र अमान्य भएको जनाएको छ । निलम्बन सूचना जारी गर्ने जीबीसीका सहक्षेत्रीय सचिव रेवतीरमण दास भारतीय नागरिक भएको र नेपाल समितिको सल्लाहकार मात्र रहेको इस्कोन नेपालको दाबी छ । नेपालमा दर्ता भएको संस्थाका पदाधिकारीलाई निलम्बन गर्ने अधिकार उनलाई नभएको भन्दै २४ घण्टाभित्र माफी माग्न र स्पष्टीकरण दिन माग गरिएको थियो । उक्त समयसीमा सकिइसकेको छ ।

यता इस्कोनकै अनुयायी आचार्य रत्न दासले साधारणसभामा आफूलाई प्रवेश गर्न नदिइएको बताएका छन् । उनका अनुसार इस्कोनको विधानअनुसार आर्थिक वर्ष सकिनुभन्दा तीन महिनाअघि साधारणसभा हुनुपर्ने भए पनि यस पटक आर्थिक वर्ष सुरु भएको तेस्रो महिनामा मात्र सभा गरिएको छ । साधारणसभाको सूचना २१ दिनअघि जारी गर्नुपर्नेमा दुई साताअघि मात्र सूचना दिइएको र सुरुमा सोमबार गर्ने भनिएको सभा पछि आइतबार सारिएको पनि उनले बताएका छन् ।

यसरी निलम्बनको वैधानिकता र साधारणसभाको प्रक्रियालाई लिएर इस्कोन नेपालभित्रै विवाद देखिएको छ ।

अब यो घटनाको कानुनी प्रक्रिया कहाँ पुगेको छ ?

बालकमाथि शारीरिक तथा मानसिक यातना र बालिकामाथि यौन दुर्व्यवहारसम्बन्धी दुवै मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छन् । अदालतले १९ असोजमा पीडित, अभिभावक र प्रमुख साक्षीहरूको बयान लिने भएको छ ।

बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेका [redacted] फरार छन् । परिवारका अनुसार प्रहरीले उनको खोजीका लागि इन्टरपोल र भारतको केन्द्रीय अनुसन्धान ब्युरोलाई पत्राचार गरेको छ ।पीडित परिवारले इस्कोनको अन्तर्राष्ट्रिय समितिले गरेको निलम्बन निर्णय कार्यान्वयन हुनुपर्ने माग गरेको छ । परिवारका बुबा [redacted]ले आफू अझै इस्कोनको सदस्य रहेको बताउँदै संस्थालाई पूरै खराब भन्न नमिल्ने बताएका छन् । तर, घटनापछि संस्थाप्रतिको आफ्नो विश्वास भने टुटेको उनको भनाइ छ ।

आर्या *चन्द कान्तिपर मिडिया ग्रुपकी संवाददाता हुन् ।*
